मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ८ संख्याः ४ प्रमाणीकरण मितिः २०८१/०९/२९

प्रकाशन मितिः २०८१/ १०/०४

भागः २

मधुवन नगरपालिका


# मधुवन नगरपालिका

## नगर कार्यापालिकाको कार्यालयको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मधुवन नगरपालिका नगर कार्यापालिकाले मिति २०८१।०९।२३ गते स्वीकृत गरी जारी गरिएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### जनतासँग नगर प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१

# जनतासँग नगर प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१

<u>प्रस्तावनाः</u> मधुवन नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने नगरबासीहरुले प्राकृतिक विपद्, कडा रोग तथा आर्थिक विपन्नताका कारण भोग्नु परेका सामाजिक, शैक्षिक, स्वास्थ्य, कृषि, आय-आर्जन तथा दैनिक जीविकोपार्जनसँग सम्वन्धित समस्याहरुलाई तत्काल समाधान गरी राज्यवाट प्रदान गरिने सेवा तथा स्रोतमा विपन्न तथा पछाडि पारिएका समुदायको पहुँच सुनिश्चित गराई स्थानीय सरकार जनताको घरदैलोमा पुगेको अनुभुति गराउनको लागि जनतासँग नगर प्रमुख कार्यक्रमलाई व्यवस्थित र प्रभाकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

नेपालको संबिधानको धारा २२६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) को अधिनमा रहि मधुवन नगरपालिकाको प्रशासकिय कार्यविधी (नियमीत गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मधुवन नगर कार्यपालिकाको मिति २०८१।०९।२३ गतेको वैठकवाट **"जनता सँग नगर प्रमुख कार्यक्रम ( सञ्चालन) कार्यविधि, २०८१"** पारित गरी लागू गरिएको छ ।

<u>१ संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम जनता सँग नगर प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१ रहेको छ ।

(२) यो प्रमाणिकरण भएको मिति देखि प्रारम्भ हुनेछ ।

<u>२ परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उप प्रमुख" भन्नाले मधुवन नगरपालिकाको नगर उप प्रमुख सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले जनतासँग नगर प्रमुख कार्यक्रम सम्झनुपर्छ ।

(ग) "कार्यपालिका " भन्नाले मधुवन नगरकार्यपालिका सम्झनुपर्छ ।

(घ) "कार्यपालिका सदस्य" मधुवन नगरकार्यपालिकाका कार्यपालिका सदस्यलाई सम्झनुपर्छ ।

(ङ) "कडा रोग" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको **"विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका (दोश्रो संशोधन), २०७३"** को दफा २ को खण्ड (ख) मा उल्लेखित मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र सिकलसेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(च) "नगद सहायता" भन्नाले यस कार्यविधि बमोजिम कुनै कारणवाट पीडित नागरिकलाई सहयोग स्वरुप उपलब्ध गराईने नगद रुपैयाँलाई सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले मधुवन नगरपालिका सम्झनुपर्छ ।

(ज) "प्रमुख" भन्नाले मधुवन नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मधुवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।

(ञ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सेवा सुविधा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ट) "विषयगत शाखा" भन्नाले मधुवन नगरपालिकाको कार्यालय अन्तर्गत सबै विषयगत शाखा सम्झनुपर्छ ।

(ठ) "वस्तुगत सहायता" भन्नाले विभिन्न कारणले पिडित नागरीकलाई सहयोग स्वरुप उपलब्ध गराइने वस्तुगत सामग्री सम्झनुपर्छ ।

(ड) "सदस्य सचिव" भन्नाले कार्यविधिको दफा ४(१) को खण्ड (च) बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ढ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम कार्य गर्न गठित कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिमको समिति सम्झनुपर्छ ।

(ण) "सामान्य प्रकृतिका" भन्नाले सामान्य प्रकृतिका रु २ लाख भन्दा कम लागत हुने नगर प्रमुख बाट तोक आदेशको आधारमा सम्झौता भई कार्यक्रम संचालान हुने सम्झनुपर्छ ।

<u>३ कार्यक्रमको लक्षित वर्ग</u> : (१) जनतासँग नगर प्रमुख कार्यक्रम देहायमा उल्लेखित वर्गसँग लक्षित गरी कार्यान्वयन गरिनेछ ।

(क) दीर्घ तथा कडा रोगवाट पीडित व्यक्तिहरु

(ख) विपद्जन्य घटनाहरुवाट पीडित व्यक्तिहरु

(ग) अती विपन्न महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका समुदायका व्यक्तिहरु तथा निजहरुले नेतृत्व गरेका संस्थाहरु

(घ) असहाय, अपाङ्ग, सहारा बिहिन जेष्ठ नागरिक, एकल महिला, बालबालिकाहरु

(ङ) बालक्लबहरु

(च) खेलकुदमा संलग्न युवा तथा युवा क्लवहरु

(छ) अति विपन्न व्यवसायिक कृषकहरु,

(ज) हालसम्म राज्यको श्रोत उपयोग गर्न नपाएका नागरिकहरु

(झ) आम संचार क्षेत्र

(ञ) शिक्षा क्षेत्र

(ट) पर्यटन सँग सम्बन्धित कार्यक्रमहरु

(ठ) सुरक्षा, लागु पदार्थ, मानवमा हुने विकृतिका कामहरुको विरुद्धमा संचालित कार्यक्रम

**४ कार्यक्रम कार्यान्वयन समिति** : (१) कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक कार्यान्वयन समिति गठन हुनेछ ।

(क) नगर प्रमुख –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) संयोजकले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्य मध्येवाट २ जना –सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठक संयोजकले तोकेको समय र स्थानमा वस्नेछ । समितिको वैठक सञ्चालन सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिको बैठकमा सम्बन्धित विषयगत क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको वैठक वस्दा वैठक भत्ता र पानी तथा खाजा खर्च मधुवन नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा ४ बमोजिम हुनेछ ।

**५ कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** :जनतासँग नगर प्रमुख कार्यक्रम सञ्चालनका लागि यस कार्यविधिको दफा ३ को उपदफा १ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ,

(क) कार्यक्रम कार्यान्वयनको ढाँचा तथा मापदण्ड निर्धारण गर्ने,

(ख) कार्यक्रममा आवद्धताको लागि निवेदन ढाँचा, सम्बन्धित वडाले गर्ने सिफारिसको ढाँचा, आवश्यक कागजातहरु तथा लाभग्राहीहरु छनौटको मापदण्ड निर्धारण गर्ने,

(ग) प्राप्त निवेदन उपर छानविन गरी उपयुक्त लाभग्राहीहरुको छनौट गर्ने,

(घ) लाभग्राहीहरु छनौट गर्नुपूर्व आवश्यक देखिएमा स्थलगत भ्रमण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने,

(च) कार्यक्रमको प्रगति तयार गरी कार्यपालिका तथा नगरसभा समक्ष पेश गर्ने ।

**६ वजेट व्यवस्थापन** : यस कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउन नगरपालिकाको वार्षिक कार्यक्रममा **"जनतासँग नगर प्रमुख कार्यक्रम"** शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरिनेछ ।

**७ कार्यक्रममा समेटिने क्षेत्र** : नगर क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरुलाई यस कार्यविधि बमोजिमको सेवा उपलब्ध गराउँदा देहाय बमोजिमका विषय क्षेत्रहरु समेट्नु पर्नेछ,

**(क) विपद क्षेत्र** : विभिन्न समयमा हुने प्राकृतिक विपद् तथा अन्य कुनै महामारीका कारण समस्यामा परेका नागरिकहरुलाई तत्काल आवश्यक पर्ने नगद तथा वस्तुगत सामग्री उपलब्ध गराउन तथा विपद्जन्य घटनाहरुवाट क्षति भएको भौतिक संरचनाको मर्मत सम्भार गर्न सकिनेछ,

**(ख) स्वास्थ्य क्षेत्र** : दीर्घ रोगी तथा कडा रोगवाट पिडितलाई उपचारको लागि नगद आर्थिक सहयोग, दुर्घटनामा परेका व्यक्तिलाई उपचारको लागि नगद आर्थिक सहयोग तथा स्वास्थ्य संस्थाहरुमा सामान्य प्रकृतिका मर्मत संभार एवं वस्तुगत (उपकरण तथा औषधी) सहयोग उपलब्ध गराउनुको साथै स्वास्थ्य शिविरहरु संचालन गर्न सकिनेछ ।

**(ग) शिक्षा तथा खेलकुद क्षेत्र** : विपन्न परिवारका बालबालिकालाई नगद छात्रवृत्ति, पोषाक तथा कापी कलम सहयोग, प्राविधिक उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति सहयोग, विभिन्न खेलकुद प्रतियोगिता संचालन सहयोग एवम् विद्यालयहरुमा फर्निचर सहयोग, ल्याव र पुस्तकालय स्थापना, सूचना, संचार तथा प्रविधि (आई.सि.टि.) स्थापना, अतिरिक्त क्रियाकलापहरु संचालन तथा सामान्य

प्रकृतिका मर्मत सहयोग उपलब्ध गराउन सकिनेछ ।साथै विभिन्न संस्थाहरु मार्फत शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ।

**(घ) कृषि क्षेत्र** : सामान्य प्रकृतिका सिंचाई संरचना मर्मत, सिंचाईको लागि पाईप वितरण, पशुपन्छी को गोठखोर सुधार, यन्त्र उपकरण अनुदान, वीउविजन वितरण तथा प्रविधि हस्तान्तरण लगायत कृषि उत्पादनमा वृद्धि गर्न कृषक तथा सम्वन्धित संस्थाहरुलाई प्रोत्साहन स्वरुप नगदै आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ । खद्यान्नवाली, फलफूल तथा पशुपालन पकेट क्षेत्रको सम्भाव्यता अध्ययन तथा पकेट क्षेत्र निर्धारण गर्न सकिनेछ ।

**(ङ) सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण क्षेत्र** : अनाथ तथा असहाय वालवालिका, सहारा बिहिन एकल पुरुष, सहारा विहिन जेष्ठ नागरिक तथा घरेलु हिंसा, महिला हिंसा, बाल हिंसा लगायत अन्य पिडितलाई नगद आर्थिक सहयोग वा निजहरुलाई व्यवस्थापन सहयोग उपलब्ध गराउन सकिनेछ । साथै गर्भवती महिलाको लागि निःशुल्क एम्वुलेन्स सेवा शिर्षकमा रकम अभाव भएको समयमा सो कार्यका लागि पनि यस कार्यक्रमवाट रकम भुक्तानी गर्न सकिनेछ ।

**(च) पूर्वाधार विकास** : नगरपालिका भित्र सञ्चालनमा रहेका सडक, खानेपानी आयोजना लगायत अन्य पूर्वाधार क्षेत्रको सामान्य प्रकृतिको मर्मत तथा खानेपानी र सिंचाइका लागि पाइप वितरण गर्न सकिनेछ । साथै सो कार्यका लागि लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेछ । धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण तथा प्रवर्धन र पूर्वाधार विकास एवं भाषा, कला तथा संस्कृति संरक्षणका क्षेत्रहरु समेट्न सकिनेछ ।

**(ज) संचार क्षेत्र** : नगरपालिकाले गरेका असल अभ्यासहरुलाई विद्युतीय तथा छापा मिडियामा प्रचार प्रसार गर्ने कार्यमा यस कार्यक्रमवाट खर्च गर्न सकिनेछ ।

□**(झ) धार्मिक, सांस्कृतिक तथा पर्यटन प्रवर्धन तर्फ** : विभिन्न धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, प्रवद्र्धन तथा प्रचार प्रसार एवम् धार्मिक महत्वका मन्दिरहरुको निर्माण तथा मर्मत सम्भार क्षेत्रमा यस कार्यक्रमवाट लगानी गर्न सकिनेछ ।

<u>८ कार्यक्रम कार्यान्वयन प्रक्रिया</u> : (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ,

(क) आवस्यकताको आधारमा कार्यक्रम कार्यान्वयनको लागि आर्थिक वर्षको शुरुमा अनुसुची १ बमोजिमको ढाँचामा कार्यक्रममा आवद्धताको लागि १५ दिने सूचना प्रकाशन गरी प्रस्तावना आह्वान गरिने वा लाभग्राहीबाट प्राप्त निवेदनका आधारमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ,

(ख) कार्यक्रममा आवद्धताको लागि व्यक्ति, समूह, समिति, सामुदायिक संस्था, वाल क्लव, युवा क्लव, विद्यालय, स्वास्थ्य संस्था आदिले सम्वन्धित विषयगत क्षेत्र समेटिने गरी आवेदन वा प्रस्ताव पेश गर्नेछन्, आवेदन\प्रस्तावको ढाँचा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) प्राप्त भएका आवेदन वा प्रस्तावहरुलाई विषय र क्षेत्रगत रुपमा छुट्याएर समितिद्धारा उपयुक्त लाभग्राहीहरु छनौट गरीनेछ ।

(घ) नगद आर्थिक सहयोगको हकमा नगर प्रमुख, नगर उप प्रमुख, सम्वन्धित वडा कार्यालय तथा अन्य सरोकार राख्ने निकायहरुको सिफारिस तथा तोकिए बमोजिमका अन्य कागजातहरु सहित सम्वन्धित विषयगत शाखाबाट सिफारिस भई आएमा लाभग्राहीलाई भुक्तानी दिन सकिने छ ।

(ङ) वस्तुगत सहयोग तथा निर्माणजन्य कार्यक्रमहरुको हकमा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(च) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यविधि बमोजिम अन्य कार्यक्रम बाहेक सहायता प्रदान गर्दा तत्काल सहायता प्रदान गर्नुपर्ने खालका घटनाहरुमा वढिमा रु २ लाख सम्मको नगद वा बस्तुगत सहायता उपलब्ध गराउँदा समितिबाट अनुमोदन गराउने गरी संयोजक स्तरीय निर्णयवाटै कार्यान्वयन गर्न सकिनेछ ।

(छ) यस कार्यविधि बमोजिम उपलब्ध गराइने सहायता रकम सम्वन्धित व्यक्ति, संस्था वा समितिको वैंक खाता मार्फत भुक्तानी गरीने छ ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम गरीएको संयोजक स्तरीय निर्णय लगत्तै वस्ने समितिको पूर्ण बैठकवाट अनुमोदन गर्नु पर्नेछ ।

<u>९ प्रतिवेदन पेश गर्नु पर्ने</u> : यस कार्यविधि बमोजिम कार्यान्वयन समितिले गरेका काम तथा निर्णयहरु सम्बन्धी प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा समितिको सदस्य सचिवले चौमासिक रुपमा कार्यापालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ भने समितिले सो प्रतिवेदन नगर सभामा समेत प्रस्तुत गर्नु पर्नेछ ।

<u>१० आवश्यक प्रक्रिया पूरा गर्नु पर्ने</u> : यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न लाभग्राहीहरुले देहाय बमोजिम आवश्यक कागजात सहितको प्रकृया पूरा गरी तोकिएको ढाँचामा प्रस्तावना सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(क) सहायता प्राप्त गर्नुपर्ने आधारहरु प्रष्ट हुने कागजातहरु (सहायताको प्रकृति अनुसार घटना भल्किने फोटोहरु, प्रहरी मुचुल्का, उपचारसँग सम्वन्धित कागजातहरु, उपचारमा भएको खर्चसँग सम्वन्धित कागजातहरु, घटना दर्ता प्रमाणपत्र, नाता प्रमाणित आदि)

(ख) सम्वन्धित व्यक्ति, संस्था वा समितिको प्रस्तावना सहितको निवेदन, सम्वन्धित वडा कार्यालय तथा अन्य सरोकार राख्ने निकाय (शैक्षिक संस्था, विकास साझेदार, स्वास्थ्य संस्था तथा अन्य) को सिफारिस,

(ग) पूर्वाधारजन्य कार्यक्रमको हकमा प्रचलित कानून बमोजिम लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, संरचनाको फोटो तथा विल भरपाई लगायत समितिले तोकेका अन्य कागजातहरु एवं कार्यक्रमसँग सम्वन्ध राख्ने नगर कार्यपालिकाको कार्यालय अन्तरगतका शाखावाट तयार पारिएका अन्य कागजातहरु,

(घ) वस्तुगत सहायताको हकमा प्रचलित कानून बमोजिम सार्वजनिक खरिद प्रक्रियासँग सम्बन्धित कागजातहरु लगायत समितिले तोकेका अन्य कागजातहरु,

(ङ) समितिको निर्णयको आधारमा सम्वन्धित विषयगत शाखाले तयार गरेको अन्य कागजातहरु,

**११ लेखा परीक्षण हुने** : यस कार्यविधि बमोजिम खर्च गरीएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१२ अनुगमन गर्नु पर्ने** : यस कार्यविधि बमोजिम प्रदान गरिएको नगद आर्थिक सहयोग तथा वस्तुगत सामग्री सहयोग उपयुक्त रुपमा प्रयोग भए नभएको बारेमा समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३ संशोधन गर्न सक्ने** : यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१४ वाधा अड्काउ फुकाउ अधिकार**ः यस कार्यविधि बमोजिमको तोकिएको शिर्शकमा यस यस अघि भएगरेका कामकारवाही यसै यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ । यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१५ स्वतः खारेज हुने** : यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

## अनुसूची–१

(दफा ८(१) खण्ड (क) सँग सम्बन्धित)

### कार्यक्रममा आवद्धताको लागि प्रकाशन गरिने सूचनाको ढाँचा

विषय : जनतासँग नगर प्रमुख कार्यक्रममा आवद्धताको लागि प्रस्तावना पेश गर्न सूचना प्रकाशन गरिएको बारे।

(सूचना प्रकाशित मिति : .........../...../.....)

यस नगरपालिकाको आर्थिक वर्ष ..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जनतासँग नगर प्रमुख कार्यक्रम (संचालन) कार्यविधि, २०८१ को दफा ७(१) को खण्ड (क) बमोजिम तपसिलमा उल्लेखित विषयगत क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कार्यक्रमका लक्षित वर्गहरुवाट तोकिएको ढाँचामा प्रस्तावना आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक तथा लक्षित व्यक्ति वा संस्थार्ले तपसिलमा उल्लेखित कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्तावना सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरीन्छ । प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेभ साईट www.madhuwanmun.gov.np मार्फत वा यस कार्यालयवाट प्राप्त गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । कार्यक्रम कार्यान्वयन हुने विषयगत क्षेत्रहरु

**(क) विपद क्षेत्र** : विभिन्न समयमा हुने प्राकृतिक विपद्‌तथा अन्य कुनै महामारीका कारण समस्यामा परेका नागरीकहरुलाई तत्काल आवश्यक पर्ने नगद तथा बस्तुगत सामाग्री उपलब्ध गराउन तथा विपदजन्य घटनाहरुवाट क्षति भएको भौतिक संरचनाको मर्मत सम्भार गर्न सकिनेछ,

**(ख) स्वास्थ्य क्षेत्र** : दीर्घरोगी तथा प्राण घातक रोगवाट पीडितलाई उपचारको लागि नगद आर्थिक सहयोग, दुर्घटनामा परेका व्यक्तिलाई उपचारको लागि नगद आर्थिक सहयोग तथा स्वास्थ्य संस्थाहरुमा सामान्य प्रकृतिका मर्मत संभार एवं वस्तुगत (उपकरण तथा औषधी) सहयोग उपलब्ध गराउन सकिनेछ ।

**(ग) शिक्षा तथा खेलकुद क्षेत्र**: विपन्न परिवारका वालवालिकालाई नगद छात्रवृत्ति, पोषाक तथा कापी कलम सहयोग, प्राविधिक उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति सहयोग, विभिन्न खेलकुद प्रतियोजना संचालन सहयोग एवं विद्यालयहरुमा फर्निचर सहयोग, ल्याव र पुस्तकालय स्थापना, सूचना, संचार तथा प्रविधि (आई.सि.टी.) स्थापना, अतिरिक्त क्रियाकलाप संचालन तथा सामान्य प्रकृतिका मर्मत सहयोग उपलब्ध गराउन सकिनेछ ।

**(घ) कृषि क्षेत्र**: सामान्य प्रकृतिका सिंचाई संरचना मर्मत, सिंचाईको लागि पाईप वितरण, वीउविजन वितरण तथा प्रविधि हस्तान्तरण लगायत कृषि उत्पादनमा बृद्धि गर्न कृषक तथा सम्वन्धित संस्थाहरुलाई प्रोत्साहन स्वरुप नगदै आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**(ङ) सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण क्षेत्र**: अनाथ तथा असहाय वालवालिका, सहारा विहिन जेष्ठ नागरीक तथा घरेलु हिंसा, महिला हिंसा, बाल हिंसा लगायत अन्य पिडितलाई नगद आर्थिक

सहयोग वा निजहरुलाई व्यवस्थापन सहयोग उपलब्ध गराउन सकिनेछ । साथै गर्भवती महिलाको लागि निःशुल्क एम्वुलेन्स सेवा शिर्षकमा रकम अभाव भएको समयमा सो कार्यका लागि पनि यस कार्यक्रमवाट रकम भुक्तानी गर्न सकिनेछ ।

**(च) पूर्वाधार विकास** : नगरपालिका भित्र सञ्चालनमा रहेका सडक, खानेपानी आयोजना लगायत अन्य पूर्वाधार क्षेत्रको सामान्य प्रकृतिको मर्मत तथा खानेपानी र सिंचाइका लागि पाइप वितरण गर्न सकिनेछ । साथै सो कार्यका लागि लागत सहभागितालाई प्राथमिकता दिनुपर्नेछ । धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण तथा प्रवर्धन र पूर्वाधार विकास एवं भाषा, कला तथा संस्कृति संरक्षणका क्षेत्रहरु समेट्न सकिनेछ ।

**(ज) संचार क्षेत्र** : नगरपालिकाले गरेका असल अभ्यासहरुलाई विद्युतीय तथा छापा मेडियमा प्रचार प्रसार गर्ने कार्यमा यस कार्यक्रमवाट खर्च गर्न सकिनेछ ।

**(झ) धार्मिक, सांस्कृतिक तथा पर्यटन प्रवर्धन तर्फ** : विभिन्न धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, प्रवर्धन तथा प्रचार प्रसार एवम् धार्मिक महत्वका मन्दिरहरुको निर्माण तथा मर्मत सम्भार क्षेत्रमा यस कार्यक्रमवाट लगानी गर्न सकिनेछ **आवश्यक कागजातहरु (समितिले तोके बमोजिम)**

१.........................

२.........................

३.........................

## अनुसूची–२

(दफा ९ सँग सम्बन्धित)

**प्रतिवेदनको ढाँचा**

| क्र.स. | संचालित कार्यक्रम वा गतिविधि | लाभग्राही व्यक्ति वा संस्थाको नाम | ठेगाना | लाभान्वित जनसंख्या | | | | | | | | | गरिएका गतिविधिहरु | खर्च भएको रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | | जनजाती | | अन्य | | जम्मा | | कुल जम्मा | | |
| | | | | म | पु | म | पु | म | पु | म | पु | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

आज्ञाले,

नारायण बहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत